कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# Mandu Hydropower Limited
# माण्डु हाईड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालय ठेगाना: का.म.न.पा.-२८, कमलादी, काठमाडौं
(आयोजनाको नाम : बागमती साना जलविद्युत आयोजना-हाल २२ मे.वा.)
फोन नं. : ०१ ४४३८३८८, ४४२९०८९
इमेल : info@manduhydropower.com वेवसाइट : www.manduhydropower.com

को

## आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री बन्द बारेको सूचना

कम्पनीले आफ्नो जारी पूँजी रु.१,३६,३६,३७,०००/- को १२% अर्थात् १६,३६,३७० कित्ता साधारण मध्ये जारी पूँजीको २% को रु.१०० अंकित दरमा प्रिमियम वापत रु.१०६ थप गरि रु. २०६/- मा २,७२,७३० कित्ता साधारण शेयर मध्ये आयोजना प्रभावित क्षेत्र (ललितपुर जिल्लाको बागमती गा. पा. वडा नं. १ र २, मकवानपुर जिल्लाको भिमफेदी गा.पा. वडा नं. ५, ६, ७ र ८ तथा ईन्द्र सरोवर गा.पा. वडा न. ३) का सम्पूर्ण वडाका बासिन्दाहरुका लागि जारी पूँजीको १०% अर्थात २,७२,७३० तथा नेपाल सरकारको श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि १,३६,३६४ कित्ता शेयर आज मिति २०८०/०३/२८ गते बिहीबारदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा **आज मिति २०८०/०४/२६ गते शुक्रबार (बैंकिङ्ग समय पश्चात्)** सो शेयरको लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारकिो लागि यो सूचना प्राकशित गरिएको छ ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारिक मानी साधारण शेयरका लागि दरखास्तसाथ रकम बुझिलिने कार्य आज मिति २०८०/०४/२६ गते (बैकिङ्ग समय पश्चात्) बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, संकलन केन्द्रका बैंक तथा वित्तीय संस्थाहरु, निष्काशन बैंकहरु तथा सम्बन्धित सबै नियमन निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

**दरखास्त दिन पाउने न्यूनतम : १० कित्ता    दरखास्त दिन पाउने अधिकतम : ५०,००० कित्ता**

### विवरणपत्र हेर्न तथा प्राप्त गर्ने सकिने स्थानहरु :

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल; वेवसाइट : www.prabhucapital.com फोन नं.:०१-४१६९१००, ५९७०२०० |
| २. | माण्डु हाईड्रोपावर लिमिटेड, कमलादी, काठमाडौं email: info@manduhydropower.com. वेवसाइट : www.manduhydropower.com |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np |

### आयोजना प्रभावित क्षेत्रका स्थाई बासिन्दाहरुका लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने स्थानहरु :

१. प्राईम कमर्सियल बैंक लिमिटेड, भिमफेदी, हेटौडा शाखा ।
२. कुमारी बैंक लिमिटेड, वागमती शाखा ।
३. प्रभु बैक लिमिटेड, भिमफेदी, हेटौडा शाखा । आवश्यकता अनुसार अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ ।
४. आयोजना स्थल ।
५. प्रभु क्यापिटल लिमिटेडको कमलादी तथा यस क्यापिटलले निर्माण गरिएको अनलाईन https://ipoapply.prabhucapital.com लिङ्क मा गई आवेदन दिन सक्नेछन् ।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।

### कम्पनीको नेटवर्थ सम्बन्धी विवरण :

| विवरण | वास्तविक | | | पुस मसान्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रति शेयर आम्दानी रु. | ९.७८ | १३.३५ | २२.०१ | २६.२० | १७.०३ | २०.७४ | २४.०५ |
| प्रति शेयर नेटवर्थ रु. | १०४.०१ | ११३.३६ | १२४.४२ | १२२.६३ | १२६.०४ | १५६.४५ | १८०.५० |
| संचित नाफा नोक्सान (रु.हजारमा) | ४८.०८ | १६०.२७ | २९३.१० | २७१.५० | ३१२.४३ | ५९५.२२ | ९२३.१६ |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनुपर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल (ICRA NEPAL) लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "ICRANP-IR BBB-" रेटिङ्ग प्राप्त गरेको छ । "ICRANP-IR BBB-" (Issuer Rating)" ले कम्पनीको समयमा नै वित्तीय दायित्व पुरा गर्न सक्षम रहेको मध्यमस्तरको सुरक्षित कम्पनी (Moderate degree of Safety Regarding Timely Servicing of Financial Obligation) जनाउँदछ । सो रेटिङ्गको बैद्यता अवधि एक वर्ष रहने छ । ईक्रा नेपाल लिमिटेडले [ICRANP -IR] AAA देखि [ICRANP -IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP - IR] AAA ले बलियो आधार जनाउँछ भने ICRANP -IR] D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धीत रेटिङ्ग वर्ग भित्रको तुलनात्मक अवस्थालाई जनाउँदछ । यसको अर्थ [ICRANP -IR] BBB-] स्थिती [ICRANP -IR] BBB भन्दा एक चिन्ह तल रहन्छ । यस सम्बन्धि विवरण पत्रको दफा ग.२२ (ण) उल्लेखि गरिएको छ ।

**रेटिङ्ग प्रदान गरेको मितिः २०७९/०६/१३    रेटिङ्ग बहाल रहने अवधि मिति : २०८०/०६/१२**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरण-पत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौ ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **"मिति २०८० आषाढ २१ गतेको कारोबार राष्ट्रिय दैनिक"** मा प्रकाशित आव्हान-पत्र वा कम्पनीको वेभसाइट www.manduhydropower.com तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइटबाट www.prabhucapital.com समेत प्राप्त गर्न सकिनेछ।

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा कर्मचारीहरु लाई बिक्रि वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई बिक्रि वा हस्तान्तरण गर्न पाइने छैन ।**

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

PRABHU CAPITAL
(A Subsidiary of Prabhu Bank Ltd.)

**प्रभु क्यापिटल लिमिटेड**

कमलादी, काठमाडौं, फोन नं. ०१-४१६९१००, ०१-५९७०२००
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com